# विंराटनगर महानगरपालिका

बैठक संख्याः ८९
मितिः २०७८/०१/१०

बैठक प्रारम्भः दिउँसो २:०० बजे
बैठक स्थगनः साँझ ४:०० बजे

नेपालको संविधानको धारा २१६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको बैठक बसी निम्नलिखित निर्णयहरू गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री विनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री विजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सचिव | श्री उमेश बस्नेत | |
| ३० | बैठक व्यवस्थापन सहयोगी | श्री अर्जुन थपलिया | |
| ३१ | बैठक व्यवस्थापन सहयोगी | श्री धिरज राई | |

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७८/०१/१० गते बसेको बैठकको एजेन्डा र निर्णयहरू:

| क्र.सं. | एजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | सहरी वन विकास कार्यक्रम सम्झौताको अनुमोदन सम्बन्धमा। | स्थानीय तहसँगको साझेदारीमा सहरी वन विकास कार्यक्रम अन्तर्गत वन तथा भू-संरक्षण विभागको ७०% र विराटनगर महानगरपालिकाको ३०% लागत साझेदारी रहनेगरी विराटनगर महानगरपालिका वडा नं. ४ मा स्मृति वाटिका निर्माण एवं व्यवस्थापन (आयोजनाको लागत रकम रु.२३,३२,७३४।०) र वडा नं. ८ र १२ मा सडक किनारा वृक्षारोपण एवं हरियाली प्रवर्द्धन (आयोजनाको लागत रकम रु.४०,९९,९१८।०) कार्यका लागि वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र विराटनगर महानगरपालिका, मोरङबीच भएको सम्झौतालाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो। |
| २ | फोहोरमैलाको व्यवस्थापनको कार्य गरिरहेको साझेदार संस्थाको म्याद थप सम्बन्धमा। | विराटनगर महानगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन कार्य गर्न सार्वजनिक-निजि-साझेदारी अवधारणा बमोजिम ५ वर्षको लागि यस महानगरपालिका र वेष्ट मेनेजमेन्ट ग्रुप प्रा.लि. र जेभीबीच मिति २०७३/०२/०१ मा सम्झौता भई उक्त साझेदार संस्थाले कार्य गर्दै आइरहेकोमा यही २०७८ बैशाख मसान्तमा सम्झौता बमोजिमको कार्यावधि समाप्त हुने र आगामी दिनको लागि आवश्यक खरिद प्रक्रिया अगाडि बढिसकेको अवस्थामा प्रक्रियागत कार्यको लागि केही समय लाग्ने भएको हुँदा सम्झौतापत्रको बुँदा ख(२) अनुसार बढिमा ४ (चार) महिनाको लागि सम्झौताको म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | रकमान्तर सम्बन्धमा। | यस महानगरपालिकाको छैंठौ नगरसभाबाट आ.व.२०७७/०७८ ,मा विनियोजित बजेट शिर्षक नं. ३११११२ मेसिनरी तथा औजार (पुँजीगत) तर्फको रु.६० लाखबाट कार्यालयलाई आवश्यक कम्प्युटर, ल्यापटप, प्रिन्टर सेट लगायतका सामानहरू समेतको भुक्तानी दिन बजेट रकम अपुग भई कार्य सम्पादनमा बाधा परिरहेको हुँदा बजेट शिर्षक नं.२२२२१, मेसिनरी औजार मर्मतसम्भार तथा सञ्चालन खर्च शिर्षकमा विनियोजित रकममध्येबाट रु.७,००,०००।० र बजेट शिर्षक नं.२२३११, मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा विनियोजित रकममध्यबाट रु.८,००,०००।० गरी जम्मा रु.१५,००,०००।० रकम बजेट शिर्षक नं.३११११२, मेसिनरी तथा औजार शिर्षकमा थप गर्न आगामी नगरसभाबाट अनुमोदन हुनेगरी रकमान्तर गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | आगामी आ.व. २०७८/०७९ को बजेट सिलिङ तथा मार्गदर्शन सम्बन्धमा। | समष्टिगत मार्गनिर्देशन, क्षेत्रगत मार्गनिर्देशन, क्षेत्रगत बजेट सिलिङ र आयोजना प्राथमिकिकरणको आधारमा मिति २०७८/०१/०९ मा बसेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल भयो। |

| | | |
|---|---|---|
| ५ | विविध। | (क) शहरी विकास तथा भवन कार्यालय, मोरङ, प्रदेश नं. १ अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. १५/१७, रानी भन्सार क्षेत्रमा सञ्चालित **Welcome Gate with Flyover Bridge Construction works** योजनाको ठेक्का सम्झौता समेत भइसकेको अवस्थामा **Flyover Bridge** को निर्माण कार्य अवरुद्ध हुँदै आएकोले **Flyover Bridge** र **Public toilet, Commercial shop, Information center** बनाउनेगरी निर्माण कार्य गर्नको लागि स्थान एकिन गरिदिन यस महानगरपालिकाम अनुरोध भइआएको हुँदा उक्त बमोजिमको पूर्वाधार निर्माणको लागि विराटनगर महानगरपालिका वडा नं. ६/११/९ स्थित घाँस चोकलाई छनौट गर्ने र यसअघि सो घाँसचोकमा यस महानगरपालिकाबाट प्रस्तावित आकाशे पुल **(Flyover Bridge)** वडा नं. ११/९ स्थित बसपार्क क्षेत्रमा निर्माण गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ख) विराटनगर महानगरपालिका वडा नं. ७ स्थित इको-फाउन्टेन पार्कको निर्माण कार्य तथा प्रक्रियामा भएको समस्या तथा जटिलतालका विषयका समाधानका लागि पूर्वाधार विकास समितिका संयोजक श्री देवेन्द्रराज पोखरेल (वडाअध्यक्ष, वडा नं. ४) को संयोजकत्वमा श्री मधुबाबु तिवारी (वडाअध्यक्ष, वडा नं. ७) र गोपाल पोखरेल (सहरी विकास तथा योजना महाशाखा प्रमुख) सदस्य रहनेगरी समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रबाट सशर्त वित्तीय हस्तान्तरण अन्तर्गत ५०% लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न कोल्डरुम/पोर्टेबल कोल्ड च्याम्बर निर्माण (अनुमानित कुल लागत रु.२२ लाख) र कस्टम हायरिङ सेन्टर स्थापना (अनुमानित लागत रु.१ करोड) को लागि प्रस्ताव पेश गर्न अनुरोध गरे बमोजिम आगामी आ.व.मा उक्त अनुसारको म्याचिङ फण्ड विनियोजन गर्नेगरी लागत सहभागिताको प्रतिबद्धतासहित कार्यक्रमको लागि आशय पत्र पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) संघीय तथा प्रदेश सरकारबाट विशेष अनुदान लगायतका अन्य बजेट तथा कार्यक्रमहरू माग गर्ने प्रक्रियाको लागि पूर्वाधार विकास समितिका संयोजक श्री देवेन्द्रराज पोखरेलको अध्यक्षतामा अन्य सबै विषयगत समितिका संयोजकहरू सदस्य र सहरी विकास तथा योजना महाशाखा प्रमुख श्री गोपाल पोखरेल सचिव रहनेगरी समिति गठन गर्ने निर्णय गरियो।<br>(ङ) अप्पण विराटगढ परोपकार समाजलाई वडा नं. १८ को वडास्तरीय योजना/कार्यक्रम अन्तर्गत बजेट पुस्तिकाको पाना ११९, क्र.सं. ५०३ मा आकस्मिक कोष शिर्षकमा विनियोजित रकममध्येबाट मैथिली लोक महोत्सव समारोहको लागि वडाको सिफारिसका आधारमा रु.१ लाख सहयोग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |